निर्णयहरु

| सि नं | विषय | निर्णयहरू |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | २०८२।०३।०९ को १८ औ कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । |
| २ | वजेट पुस्तिका प्रकाशन गर्ने | कनकाइ नगरपालिकाको २०८२।०३।१० गते १८ औ नगरसभावाट पारित भएको आ. व. २०८२।०८३ वार्षिक नीति तथा कार्यक्रम र वजेट पुस्तिका प्रकाशन गरी यही २०८२ आषाढ ३० गते सार्वजनिक गर्ने । |
| ३ | पुरस्कार तथा सम्मान गर्ने | नगरपालिकामा देहायका विधामा उल्लेखीय भूमिका निर्वाह गर्ने मानुभावहरुलाइ सम्मान तथा पुरस्कार प्रदान गर्न तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने ।<br>**क) कर्मचारी पुरस्कारतर्फ**<br>प्रमुख प्रशासकीय अधिकृत श्री नारायण न्यौपाने – संयोजक<br>लेखा अधिकृत श्री क्षेत्रनाथ शर्मा – सदस्य<br>प्रशासकीय अधिकृत श्री जमुना कटुवाल- सदस्य-सचिव<br><br>**ख) अन्य विधाका पुरस्कारतर्फ** (उपभोक्ता समिति, पत्रकार, निर्माण व्यवसायी, SEE मा उत्कृष्ठ अंक ल्याउने विद्यार्थी, सव भन्दा वढी कर वुझाउने करदाता, उत्कृष्ठ कृषक (अर्गानिक खेती गर्ने), उत्कृष्ठ पशुपालक र उत्कृष्ठ खेलाडी)<br>नगर उप-प्रमुख – श्री आशा सिवाकोटी – संयोजक<br>वडा अध्यक्ष श्री सुशील कुमार पोखेल – सदस्य<br>कार्यपालिका सदस्य – नवलकिशोर दत्त<br>अधिकृत छैटौं श्री भोजराज आचार्य- सदस्य- सचिव<br>**कार्यदेश**<br>क) अधिकतम समय ५ दिन भित्रमा नगर प्रमुख समक्ष पेश गर्नु पर्ने ।<br>ख) पुरस्कार सिफारिसका लागि आधार र मापदण्ड आफै तयार गर्ने<br>ग) सम्मान र पुरस्कारको राशी कार्यापालिकाले तोके वमोजिम हुने |

२०८२।३।२०

| | | |
|---|---|---|
| ४ | कानुनको सगालो प्रकाशन गर्ने | नगरपालिकाबाट हालसम्म पारित भइ कार्यान्वयनमा रहेका कानूनहरुको एकिकृत सगालो प्रकाशन गर्ने । |
| ५ | सस्था दर्ता सम्बन्धमा | कनकाई नगरपालिकाको टोल विकास सम्बन्धी कार्यविधि २०७८ अनुसार तपशिल बमोजिमका टोल विकास संस्था दर्ता गर्ने<br>क. सुन्दरकाली टोल विकास समिति, कनप -१<br>ख. नवदिश्वर टोल विकास संस्था, कनप -१ |
| ६ | घ वर्गको संस्था दर्ता सम्बन्धमा | कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम गिरी विल्डर्स प्रा.लि, , कनप -७ लाई ईजाजत पत्र दिने । |
| ७ | कार्यविधि निर्माण | कनकाइ नगरपालिकामा देहायका कार्यविधिको मस्यौदा निर्माण गरी अर्को कायपालिका बैठकमा पेश गर्ने गरी सम्बन्धीत विषयगत समितिलाइ जिम्मेवारी दिने ।<br>**१ पूर्वाधार समिति**<br>क. मर्मत संभार कोष संचालन कार्यविधि<br>**२ सामाजिक विकास समिति**<br>क. दाहसंस्कार सहयोग सचालन कार्यविधि<br>ख. विपन्न नागरिक स्वास्थ्य वीम सचालन कार्यविधि<br>**३ आर्थिक समिति**<br>क कृषि अनुदान वितरण सचालन कार्यविधि<br>**४ विधायन समिति**<br>३ नगर प्रहरी सचलन कार्यविधि |
| ८ | नविकरण तथा अनुमती सम्बन्धमा | स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७८ अनुसार कशिष क्लिनिक क न पा ७ र सुरुङ्गा मेडिसिन सेन्टर एण्ड क्लिनिक क न पा ३ तथा दिव्य आयुर्वेद औषधालयलाइ संचालन अनुमति दिने । |
| ९ | कार्य संचालन अनुमती सम्वन्धमा | राष्ट्रिय एच आइ भी तथा एड्स महासंघ नेपाललाइ कार्यक्रम संचलनका लागि अनुमति दिने । |

२०७८।१२।१०

Scanned with CamScanner

| | | |
|---|---|---|
| १० | अख्तियारी सम्बन्धमा | दयाप्रसाद उप्रेतीसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतको अवहेलना (०८१-MS-००५८) मुद्दामा कनकाई नगरपालिकाको तर्फबाट उक्त मुद्दामा प्रतिवाद गर्नका लागि वारेश नियुक्त गर्न, कानूनी व्यवसायी नियुक्त गर्न तथा मुद्दामा आवश्यक पर्ने सम्पूर्ण काम गर्न यस नगरपालिकामा कार्यरत कर्मचारी बालकल्याण अधिकारी श्री उमानाथ ढकाललाई अख्तियारी प्रदान गर्ने । |
| ११ | आर्थिक सहयोग सम्बन्धमा | कार्यपालिका सदस्य श्री लक्ष्मी कटवाललाई बिरामी भइ मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पतालमा अपरेसन सहित उपचार गराउदा लागेको उपचार खर्च स्वरुप रु ५००००. पचास हजार उपलब्ध गराउने । |